# लघुवित्त वित्तीय संस्थाहरुको त्रयमासिक स्थिति

( आर्थिक वर्ष २०७६/७७ को प्रथम त्रयमास - २०७६ असोज मसान्तको अपरिष्कृत वित्तिय विवरणको आधारमा)


**नेपाल राष्ट्र बैंक**

**लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग**



**माघ, २०७६**

# लघुवित्त वित्तीय संस्थाहरुको त्रयमासिक स्थिति

## लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति

१. **लघुवित्त वित्तीय संस्थाहरुको संख्या पछिल्लो समयमा स्थिर रहेपनि शाखाहरुको विस्तारको क्रम भने जारीनै रहेको छ ।** २०७६ असोज मसान्तसम्ममा “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुको संख्या ८९ पुगेको छ । ८९ लघुवित्त वित्तीय संस्थाहरु मध्ये आरएमडिसी लघुवित्त, साना किसान विकास लघुवित्त, फर्स्ट माइक्रोफाइनान्स लघुवित्त र आरएसडिसी लघुवित्त वित्तीय संस्था गरी ४ वटा थोककर्जा प्रदायक लघुवित्त वित्तीय संस्था रहेका छन् भने बाँकी ८५ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त वित्तीय संस्थाहरु रहेका छन । अघिल्लो आर्थिक वर्षको असोज मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरुको संख्या ६८ रहेको थियो । आर्थिक वर्ष २०७५/७६ मा २४ वटा वित्तीय गैर-सरकारी संस्थाहरु लघुवित्त वित्तीय संस्थामा परिणत भएकोले लघुवित्त वित्तीय संस्थाहरुको संख्या गत वर्षको सोही अवधिको तुलनामा उल्लेख्य रुपमा बढेको हो । लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या २०७६ असारको तुलनामा ४.०६ प्रतिशतले वृद्धि भई ३,६९१ पुगेको देखिन्छ । सो अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको केन्द्र संख्या ४.५७ प्रतिशतले वृद्धि भई २८७ हजार, सदस्य संख्या ३.०२ प्रतिशतले वृद्धि भई ४,४६२ हजार, ऋणी संख्या २.८७ प्रतिशतले वृद्धि भई २,७५५ हजार पुगेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुमा १८,३७९ जना कर्मचारीहरु कार्यरत रहेका छन् जुन २०७६ असारमसान्तको तुलनामा ५.८६ प्रतिशतले बढी हो (तालिका १)।


**तालिका १: लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति**

| | २०७५ असार (१) | २०७५ असोज (२) | २०७६ असार (३) | २०७६ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१) *१०० | (४-३)/(३) *१०० |
| कुल संस्था संख्या | ६५ | ६८ | ९० | ८९ | ४.६२ | -१.११ |
| कुल शाखा संख्या | २४५० | २६५२ | ३५४७ | ३६९१ | ८.२४ | ४.०६ |
| कार्य क्षेत्र रहेको जिल्ला | ७७ | ७७ | ७७ | ७७ | ०.०० | ०.०० |
| कुल केन्द्र संख्या (हजारमा) | १७३ | १८८ | २७४ | २८७ | ८.६७ | ४.५७ |
| कुल समूह संख्या (हजारमा) | ५६३ | ६११ | ९२७ | ९६२ | ८.५३ | ३.७२ |
| कुल सदस्य संख्या (हजारमा) | २८५७ | ३०३७ | ४३३१ | ४४६२ | ६.३० | ३.०२ |
| कुल ऋणी संख्या (हजारमा) | १८५४ | १९८५ | २६८१ | २७५५ | ७.०७ | २.७८ |
| कुल कर्मचारी संख्या | ११,५५७ | १२,८८१ | १७,३६२ | १८,३७९ | ११.४६ | ५.८६ |
| राष्ट्रिय स्तरका संस्था* | २८ | २९ | ४१ | ४१ | ३.५७ | ०.०० |
| क्षेत्रीय/जिल्ला स्तरका संस्था | ३७ | ३९ | ४९ | ३६ | ५.४१ | -२६.५३ |
| प्रादेशिकस्तरका संस्था | | | | १२ | | |

**उपरोक्त राष्ट्रिय स्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ४ रहेको छ ।*


*नोट: नाडेप लघुवित्त वित्तीय संस्थाको २०७६ असारमसान्तको तथ्याङ्कहरु समावेश गरिएको छ ।*

चित्र १: लघुवित्त संस्था र शाखा संख्या




२. प्रदेशगत रुपमा हेर्दा सबभन्दा बढी लघुवित्त वित्तीय संस्थाहरुको शाखा प्रदेश नं ५ मा रहेको देखिन्छ । २०७६ असोज मसान्तसम्ममा उक्त प्रदेशमा ८०७ वटा लघुवित्त वित्तीय संस्थाहरुको शाखा संचालनमा रहेका छन् । तत्पश्चात लघुवित्त वित्तीय संस्थाहरुको धेरै शाखा भएको प्रदेशमा प्रदेश नं २ रहेको छ । सबभन्दा कम कर्णाली प्रदेशमा १७० वटा लघुवित्त वित्तीय संस्थाहरुको शाखा रहेका छन् ।

**चित्र २: प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा**



## पुँजीकोष

३. **लघुवित्त वित्तीय संस्थाहरुको पूँजीकोष समग्रमा सन्तोषजनक रहेको छ ।** यस बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन- २०७६ को निर्देशन नं. १ अनुसार लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा प्राथमिक पुँजी र पुँजीकोष न्युनतम क्रमशः ४ प्रतिशत र ८ प्रतिशत कायम गर्नु पर्ने बैधानिक व्यवस्था रहेको छ । २०७६ असोज मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः १२.५० प्रतिशत र १३.३८ प्रतिशत रहेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पूँजी २०७६ असार मसान्तको तुलनामा ३.८९ प्रतिशतले र जोखिम भारित सम्पति ५.१२ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी र जोखिम भारित सम्पत्ति क्रमशः ५.७४ प्रतिशत र ९.४१ प्रतिशतले बढेको थियो (तालिका २)।

**तालिका २: पुँजीकोष सम्बन्धी विवरण**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ असोज (२) | २०७६ असार (३) | २०७६ असोज (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| चुक्ता पुँजी | ११,१८.२५ | ११,८२.४७ | १७,०७.७८ | १७,७४.१५ | ५.७४ | ३.८९ |
| प्राथमिक पुँजी | १९,६४.५५ | २१,९९.७६ | २९,९४.९६ | ३२,४१.२६ | ११.९७ | ८.२२ |
| पुँजी कोष | २१,२६.३६ | २३,६५.३६ | ३२,२२.८९ | ३४,६९.३० | ११.२४ | ७.६५ |
| जोखिम भारित सम्पत्ति | १,५५,३३.७७ | १,६९,९५.०४ | २,४६,७५.७४ | २,५९,३८.२३ | ९.४१ | ५.१२ |
| प्राथमिक पुँजी /जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | १२.६५ | १२.९४ | १२.१४ | १२.५० | | |
| पुँजी कोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | १३.६९ | १३.९२ | १३.०६ | १३.३८ | | |

## वित्तीय स्रोत संकलन

४.१ **थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले सापटी रकम उल्लेख्य दरले बढाएका छन् ।** उक्त लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख वित्तीय स्रोत सापटी मात्र रहेको छ । २०७६ असोज मसान्तसम्ममा उक्त लघुवित्त वित्तीय संस्थाहरूले ३४ अर्ब ८५ करोड वित्तीय स्रोत संकलन गरेका छन् जुन अघिल्लो आर्थिक वर्षको पहिलो त्रयमासको ३.१८ प्रतिशतको वृद्धिको तुलनामा आर्थिक बर्ष २०७६/७७ को सोही अवधिमा ११.५९ प्रतिशतले बढेको छ । २०७६ असोज मसान्तसम्ममा वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पूँजीको ६.०२ गुणासम्म पुगेको छ (तालिका ३)। प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

### तालिका ३ : वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (थोक कर्जा प्रदायक)

(रु.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ असोज (२) | २०७६ असार (३) | २०७६ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| (क) निक्षेप | – | – | – | – | ० | ० |
| (ख) सापटी | २६,४२.४६ | २७,२६.५१ | ३१,२३.४५ | ३४,८५.४५ | ३.१८ | ११.५९ |
| **कुल वित्तीय स्रोत संकलन** | **२६,४२.४६** | **२७,२६.५१** | **३१,२३.४५** | **३४,८५.४५** | ३.१८ | ११.५९ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | ४३३.५४ | ४७७.५१ | ५४७.४६ | ५७९.०० | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | ६.१० | ५.७१ | ५.७१ | ६.०२ | | |

४.२ **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले पनि निक्षेप संकलन र सापटी रकम बढाएका छन् ।** २०७६ असोज मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले निक्षेप रू. ९१ अर्ब ४६ करोड र सापटी रू. १ खर्ब १ अर्ब ६३ करोड गरी जम्मा रू. १ खर्ब ९३ अर्ब ८ करोड वित्तीय स्रोत संकलन गरेका छन् । उक्त लघुवित्त वित्तीय संस्थाहरुको निक्षेप संकलन र प्राप्त सापटी रकम अघिल्लो आर्थिक वर्ष २०७५/७६ को पहिलो त्रयमाससम्म क्रमश ८.०१ र १३.७२ प्रतिशतले बढेकोमा यस आर्थिक वर्षको सोही अवधिमा निक्षेप संकलन र प्राप्त सापटी रकम क्रमश ६.८० र ६.७० प्रतिशतले बढेको छ । २०७६ असोज मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पूँजीको ७.९९ गुणासम्म पुगेको छ (तालिका ४)। प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

### तालिका ४: वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (खुद्रा कर्जा प्रदायक)

(रु.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ असोज (२) | २०७६ असार (३) | २०७६ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| (क) निक्षेप | ४९,५४.८८ | ५३,५१.७५ | ८५,६३.१९ | ९१,४५.५७ | ८.०१ | ६.८० |
| (ख) सापटी | ६१,२५.९१ | ६९,६६.६६ | ९५,२४.७७ | १,०१,६२.५८ | १३.७२ | ६.७० |
| **कुल वित्तीय स्रोत संकलन** | **१,१०,८०.७९** | **१,२३,१८.४१** | **१,८०,८७.९६** | **१,९३,०८.१५** | ११.१७ | ६.७५ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | १३,३८.१७ | १४,८७.०५ | २,१२६.१७ | २४,१५.९६ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | **८.२८** | **८.२८** | **८.५१** | **७.९९** | | |

## कर्जा तथा सापट

**५.१ थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट रकममा गिरावट आएको छ भने निष्कृय कर्जाको अनुपातमा वृद्धि भएको छ ।** थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७६ असारको तुलनामा १.३५ प्रतिशतले घटी २०७६ असोज मसान्तमा रू. ३६ अर्ब २९ करोड पुगेको देखिन्छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटमध्ये निष्कृय कर्जा रु. २ करोड अर्थात ०.०७ प्रतिशत मात्र रहेको छ । २०७६ असार मसान्तमा निष्कृय कर्जाको अनुपात ०.०४ प्रतिशत रहेको थियो भने २०७५ असोज मसान्तमा यस्तो अनुपात ०.०९ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर ५५.४६ प्रतिशत छ तर सक्रिय कर्जा भने १.३८ प्रतिशतले घटेको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा ०.९३ प्रतिशतले बढेको थियो (तालिका ५) ।

**तालिका ५: कर्जा तथा सापटको वर्गीकरण(थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७५ असार (१) | २०७५ असोज (२) | २०७६ असार (३) | २०७६ असोज (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/३)*१०० |
|---|---|---|---|---|---|---|
| सक्रिय कर्जा | २९,४२.८ | २९,७०.१२ | ३६,७७.३१ | ३६,२६.७२ | ०.९३ | -१.३८ |
| निष्क्रिय कर्जा | ०.७ | २.५४ | १.५४ | २.३९ | २६२.८६ | ५५.४६ |
| **कुल कर्जा तथा सापट** | **२९,४३.५** | **२९,७२.६६** | **३६,७८.८५** | **३६,२९.१२** | ०.९९ | -१.३५ |
| निष्क्रिय कर्जा अनुपात | ०.०२ | **०.०९** | **०.०४** | **०.०७** | | |

**५.२ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट रकम र निष्कृय कर्जाको अनुपात बढेको छ ।** खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७६ असारको तुलनामा ४.९० प्रतिशतले बढेर २०७६ असोज मसान्तमा रू. २ खर्ब ८ अर्ब ८ करोड पुगेको देखिन्छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटमध्ये निष्कृय कर्जा रु. ३ अर्ब अर्थात १.४४ प्रतिशत रहेको छ । २०७६ असार मसान्तमा निष्कृय कर्जाको अनुपात १.१८ प्रतिशत रहेको थियो भने २०७५ असोज मसान्तमा यस्तो अनुपात १.३१ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर २७.९० प्रतिशत छ भने सक्रिय कर्जाको वृद्धिदर ४.६२ प्रतिशत रहेको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा ९.९३ प्रतिशतले बढेको थियो (तालिका ६) ।

**तालिका ६: कर्जा तथा सापटको वर्गीकरण(खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७५ असार (१) | २०७५ असोज (२) | २०७६ असार (३) | २०७६ असोज (४) | प्रतिशत परिवर्तन (२-१)/१) *१०० | प्रतिशत परिवर्तन (४-३)/३)*१०० |
|---|---|---|---|---|---|---|
| सक्रिय कर्जा | १,१५,१४.५६ | १,२६,५८.५१ | १,९६,०१.९४ | २,०५,०८.०७ | ९.९३ | ४.६२ |
| निष्क्रिय कर्जा | १,३७.०९ | १,६७.७७ | २३४.५५ | ३००.०० | २२.३८ | २७.९० |
| **कुल कर्जा तथा सापट** | **१,१६,५१.६५** | **१,२८,२६.२८** | **१,९८,३६.४९** | **२०,८०८.०७** | १०.०८ | ४.९० |
| निष्क्रिय कर्जा अनुपात | **१.१८** | **१.३१** | **१.१८** | **१.४४** | | |

६. **लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ कर्जा प्रवाहको हिस्सा बढेको छ ।** लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा रकम २०७६ असोज मसान्तमा रु. २ खर्ब ४४ अर्ब ३७ करोड मध्ये रु. १ खर्ब २ अर्ब ३६ करोड अर्थात ४१.८९ प्रतिशत कृषि क्षेत्रमा प्रवाह भएको देखिन्छ । २०७६ असार मसान्तमा कृषि क्षेत्रमा रु. ९३ अर्ब ९२ करोड अर्थात ३९.९४ प्रतिशत कर्जा प्रवाह भएको थियो । आर्थिक वर्ष २०७६/७७ को प्रथम त्रयमाससम्ममा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा मध्ये घरेलु तथा लघु उद्योग क्षेत्रमा ३.०६ प्रतिशत र सेवा व्यवसाय क्षेत्रमा ३३.०७ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जाको हिस्सा १४.८५ प्रतिशत रहेको छ(तालिका ७)।

**तालिका ७: कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण**

| कर्जा विवरण | २०७६ असार ( रु. करोडमा ) | २०७६ असार ( प्रतिशत ) | २०७६ असोज ( रु. करोडमा ) | २०७६ असोज ( प्रतिशत ) |
|---|---|---|---|---|
| कृषि | ९३,९२.२७ | ३९.९४ | १,०२,३६.१० | ४१.८९ |
| घरेलु तथा लघु उद्योग | ८,४४.०५ | ३.५९ | ७,४७.८६ | ३.०६ |
| सेवा व्यावसाय | ७७,३५.९४ | ३२.९० | ८०,८२.४३ | ३३.०७ |
| थोक कर्जा | ३६,७८.८५ | १५.६४ | ३६,२९.१२ | १४.८५ |
| अन्य | १८,६४.२३ | ७.९३ | १७,४१.६८ | ७.१३ |
| **जम्मा** | **२,३५,१५.३४** | **१००.००** | **२,४४,३७.१९** | **१००.००** |

७.१ **थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था घटेको छ** । २०७६ असोज मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०७६ असार मसान्तको तुलनामा २.०३ प्रतिशतले घटेर रू. ४६ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु. १ करोड (३.२३ प्रतिशत) रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल कर्जा नोक्सानी व्यवस्थाको लागि राखेको रकम ४.१४ प्रतिशतले बढेको थियो (तालिका ८)।

**तालिका ८ः कर्जा नोक्सानी व्यवस्था (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७५ असार (१) | २०७५ असोज (२) | २०७६ असार (३) | २०७६ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | २९.४३ | २९.७८ | ४५.६७ | ४४.६८ | १.१९ | -२.१७ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | ८.९४ | १०.१८ | १.४५ | १.४९ | १३.८७ | २.५३ |
| **कुल कर्जा नोक्सानी ब्यवस्था** | **३८.३७** | **३९.९६** | **४७.१२** | **४६.१६** | ४.१४ | -२.०३ |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात )** | **१.३०** | **१.३४** | **१.२८** | **१.२७** | | |

७.२ **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्थामा वृद्धि भएको छ ।** समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०७६ असार मसान्तको तुलनामा ११.३० प्रतिशतले बढेर रू. ३ अर्ब ९४ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु. २ अर्ब २ करोड (५१.३९ प्रतिशत) रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल कर्जा नोक्सानी व्यवस्थाको लागि राखेको रकम १३.८९ प्रतिशतले बढेको थियो(तालिका ९)।

**तालिका ९: कर्जा नोक्सानी व्यवस्था (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७५ असार (१) | २०७५ असोज (२) | २०७६ असार (३) | २०७६ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | १०७.३४ | ११८.०० | १८३.७३ | १९१.५३ | ९.९३ | ४.२४ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | ९३.४७ | ११०.७१ | १७०.३१ | २०२.५० | १८.४४ | १८.९० |
| **कुल कर्जा नोक्सानी ब्यवस्था** | **२००.८१** | **२२८.७१** | **३५४.०४** | **३९४.०३** | १३.८९ | ११.३० |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात )** | **१.७२** | **१.७८** | **१.७८** | **१.८९** | | |

८. **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो र लघु व्यवसाय कर्जाको अंश बढेको छ ।** २०७६ असोज मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जासंग कुल कर्जा तथा सापटको अनुपात १७.५७ प्रतिशत रहेको छ । यस्तो अनुपात २०७६ असार मसान्तमा १६.७० प्रतिशत र २०७५ असोज मसान्तमा १५.५८ प्रतिशत रहेको थियो । लघु व्यवसाय कर्जाको अंश पनि २०७६ असारमा ७७.१७ प्रतिशत रहेकोमा २०७६ असोजमा ७६.७८ प्रतिशत पुगेको छ (तालिका १०)।

**तालिका १०: धितो कर्जा कुल कर्जा अनुपात (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ असोज (२) | २०७६ असार (३) | २०७६ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| धितो कर्जा | १६७६.१२ | १९९८.६० | ३३१३.४२ | ३६५६.२३ | १९.२४ | १०.३५ |
| लघु व्यवसाय कर्जा | ९३२५.२३ | १०२०३.६७ | १५३०७.५६ | १५९७६.१९ | ९.४२ | ४.३७ |
| अन्य कर्जा | ६५०.३० | ६२४.०१ | १२१५.५१ | ११७५.६४ | -४.०४ | -३.२८ |
| कुल कर्जा तथा सापट प्रदान | १,१६,५१.६५ | १,२८,२६.२८ | १,९८,३६.४९ | २,०८,०८.०७ | १०.०८ | ४.९० |
| धितो कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **१४.३९** | **१५.५८** | **१६.७०** | **१७.५७** | | |
| लघु व्यवसाय कर्जा/कुल कर्जा तथा सापट (प्रतिशत) | **८०.०३** | **७९.५५** | **७७.१७** | **७६.७८** | | |
| अन्य कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **५.५८** | **४.८७** | **६.१३** | **५.६५** | | |

## लगानी

९. **लघुवित्त वित्तीय संस्थाहरूले लगानीमा पनि उल्लेख्य वृद्धि गरेका छन् ।** २०७६ असोज मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी रु. ७ अर्ब २० करोड पुगेको छ, जुन २०७६ असारको तुलनामा १७९.७९ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल लगानी ११८.२८ प्रतिशतले मात्र बढेको थियो । यस आर्थिक वर्षको पहिलो त्रयमासमा लगानीको प्रमुख अंशको रुपमा रहेको मुद्धती निक्षेपमा उल्लेख्य वृद्धि भएको कारणले लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानीमा पनि उल्लेख्य वृद्धि देखिएको हो । लघुवित्त वित्तीय संस्थाहरूले मुद्धती निक्षेपमा २०७६ असोजसम्म रु. ५ अर्व ९३ करोड राखेका छन् जुन रकम २०७६ असारको तुलनामा २९२.१२ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा मुद्धती निक्षेपमा राखेको रकम १५४.३३ प्रतिशतले बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूको समीक्षा अवधिमा सरकारी सुरक्षणपत्रमा गरेको लगानी बढेको भएतापनि शेयर तथा डिवेन्चरमा गरेको लगानी भने घटेको देखिन्छ(तालिका ११) ।

**तालिका ११: लगानी विवरण**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ असोज (२) | २०७६ असार (३) | २०७६ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| सरकारी सुरक्षणपत्र | ३.८७ | ३.८७ | ३०.९९ | ३३.८३ | ०.०० | ९.१६ |
| शेयर तथा डिवेन्चर | १०.१६ | १०.३१ | २४.९९ | २३.९० | १.४८ | -४.३६ |
| मुद्धती निक्षेप | १८८.६७ | ४७९.८५ | १५१.११ | ५९२.५३ | १५४.३३ | २९२.१२ |
| अन्य लगानी | ४६.८४ | ५०.६७ | ५०.२८ | ६९.८३ | ८.१८ | ३८.८९ |
| **जम्मा लगानी** | **२,४९.५४** | **५,४४.७०** | **२,५७.३७** | **७,२०.०९** | ११८.२८ | १७९.७९ |

## जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति

१०. **लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पति र जोखिम भारित सम्पति दुवै उल्लेख्य दरले बढेको छ** । २०७६ असोज मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रु. २ खर्ब ९७ अर्ब ६९ करोड पुगेको छ । यो २०७६ असार मसान्तको रु. २ खर्ब ६९ अर्ब ५ करोडको तुलनामा १०.६५ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल सम्पत्ति ४४.२६ प्रतिशतले बढेको थियो । २०७६ असोज मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) कुल सम्पतिको ८७.१३ प्रतिशत रहेको छ जुन २०७६ असार मसान्तमा ९१.७१ प्रतिशत रहेको थियो । (तालिका १२)।

### तालिका १२: कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण

(रु.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ असोज (२) | २०७६ असार (३) | २०७६ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| कुल सम्पत्ति | १,७३,२१.८४ | १,९०,७३.८९ | २,६९,०५.०७ | २,९७,६९.१७ | ४४.२६ | १०.६५ |
| जोखिम भारित सम्पत्ति | १,५५,३३.७७ | १,६९,९५.०४ | २,४६,७५.७४ | २,५९,३८.२३ | ९.४१ | ५.१२ |
| जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत) | **८९.६८** | **८९.१०** | **९१.७१** | **८७.१३** | | |

## मुनाफा स्थिति

११.१ **थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको संचालन आम्दानी र खुद नाफा अघिल्लो आर्थिक वर्षको प्रथम त्रयमासको तुलनामा बढेको छ ।** उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७६/७७ को प्रथम त्रयमाससम्ममा ब्याज आम्दानी रु. १ अर्ब ११ करोड र ब्याज खर्च रु. ६८ करोड रहेको छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुले रु. २६ करोड खुद मुनाफा गरेका छन् । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा खुद मुनाफा २३ करोड मात्र रहेको थियो । (तालिका १३) ।

### तालिका १३: मुनाफा स्थिति (थोक कर्जा प्रदायक)

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ असोज (२) | २०७६ असार (३) | २०७६ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| ब्याज आम्दानी | ४१८.७८ | १२१.४९ | ५२७.८० | ११०.९१ | -७०.९९ | -७८.९९ |
| ब्याज खर्च | २७८.२६ | ८२.०२ | ३५४.१८ | ६७.८७ | -७०.५२ | -८०.८४ |
| संचालन आम्दानी | १२२.४७ | ४२.२४ | १८६.३७ | ४६.१७ | -६५.५१ | -७५.२२ |
| खूद नाफा/नोक्सान | ७९.८१ | २२.९५ | १०२.०६ | २६.१२ | -७१.२४ | -७४.४१ |

११.२ **समग्रमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको संचालन आम्दानी र खुद नाफा अघिल्लो आर्थिक वर्षको प्रथम त्रयमासको तुलनामा उल्लेख्य दरमा बढेको छ ।** उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७५/७६ को प्रथम त्रयमाससम्ममा खुद मुनाफा रु. ८४ करोड मात्र रहेकोमा यस आर्थिक वर्षको सोही अवधिमा खुद मुनाफा १ अर्ब ७१ करोड रहेको छ । उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७६/७७ को प्रथम त्रयमाससम्ममा ब्याज आम्दानी रु. ९ अर्ब ६६ करोड र ब्याज खर्च रु. ४ अर्ब ९३ करोड रहेको छ (तालिका १४)। यस अवधिमा सञ्चालित ८५ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु मध्ये ११ वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेको देखिन्छ ।

**तालिका १४: मुनाफा स्थिति (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ असोज (२) | २०७६ असार (३) | २०७६ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| ब्याज आम्दानी | १८,०६.७१ | ५,५२.५६ | २७,६४.९३ | ९,६५.५९ | -६९.४२ | -६५.०८ |
| ब्याज खर्च | ८,९९.८२ | २,८८.२१ | १४,२०.७७ | ४,९३.०८ | -६७.९७ | -६५.२९ |
| संचालन आम्दानी | ४,५३.२ | ३,४८.२३ | १८,११.९४ | ६,११.३३ | -२३.१६ | -६६.२६ |
| खूद नाफा/नोक्सान | ३,१०.७५ | ८४.११ | ५,४२.६७ | १,७१.२३ | -७२.९३ | -६८.४५ |

## तरलता स्थिति

१२.१ **समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पति घटेको छ।** सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरु निर्धन उत्थान लघुवित्त वित्तीय संस्था र छिमेक लघुवित्त वित्तीय संस्था मात्र रहेका छन्। २०७६ असोज मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्ति २०७६ असारको तुलनामा १०.६४ प्रतिशतले ह्रास भई रु. ५ अर्ब २५ करोड पुगेको छ।

**तालिका १५: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्था)**

(रू. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ असोज (२) | २०७६ असार (३) | २०७६ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| नगद | २.५ | १.४५ | २.७१ | ५.८४ | -४२.०० | ११५.५० |
| नेपाल राष्ट्र बैंक मौज्दात | ४१.३५ | ४३.९५ | ७६.९४ | ७९.१७ | ६.२९ | २.९० |
| बैंक तथा बित्तीय संस्था मौज्दात | ३७५ | ३७५.१३ | ४७७.४० | ४०६.६१ | ०.०० | -१४.८३ |
| सरकारी सुरक्षणपत्रमा लगानी | ३.८७ | ३.८७ | ३०.९९ | ३३.८३ | ०.०० | ९.१६ |
| **कुल तरल सम्पत्ति** | **४,२२.७२** | **४,२४.४०** | **५,८८.०४** | **५,२५.४५** | ०.४० | -१०.६४ |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | २४१८ | २,०५० | २,४१९ | २,६४४ | -१५.२२ | ९.३० |
| कुल सापटी (अघिल्लो त्रयमास) | ११७३ | १,१०७ | १,१७३ | १,२१८ | -५.६१ | ३.८४ |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | १७.५ | **२०.७०** | **२४.३१** | **१९.८८** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत) | ३६.०५ | **१३.४४** | **१६.३७** | **१३.६१** | | |
| वैधानिक तरलता अनुपात | | | **४.३०** | **४.४१** | | |
| अनिवार्य मौज्दात अनुपात | | | **२.५५** | **२.८५** | | |

२०७६ असोज मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात १९.८८ प्रतिशत रहेको छ। २०७५ असोज र २०७६ असार मसान्तमा यस्तो अनुपात क्रमश: २०.७० प्रतिशत र

२४.३१ प्रतिशत रहेको थियो । २०७६ असोज मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात १९.८८ प्रतिशत रहेको छ, उक्त अनुपात २०७६ असार, २०७५ असोज र २०७५ असार मसान्तमा क्रमश २४.३१,२०.७० र १७.५ प्रतिशत रहेको थियो । सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७६ असोज महिनाको वैधानिक तरलता अनुपात र अनिवार्य मौज्दात अनुपात क्रमश: ४.४१ प्रतिशत र २.८५ प्रतिशत रहेको छ (तालिका १५) । समग्रतामा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात तोकिएको दर भित्रै रहेको छ ।

१२.२ **सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरलताको स्थितिमा क्रमिक सुधार भएको छ ।** सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७६ असोज मसान्तमा तरल सम्पत्ति २०७६ असारको तुलनामा ४९.९६ प्रतिशतले वृद्धि भई रु. २० अर्ब ६० करोड पुगेको छ । २०७६ असोज मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात ३४.८० प्रतिशत रहेको छ । समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुले बैंक तथा बित्तीय संस्था मौज्दात बढाएको कारण कुल तरल सम्पतिमा उच्च वृद्धि देखिन्छ । सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७६ असोज महिनाको अनिवार्य मौज्दात अनुपात ०.६६ प्रतिशत रहेको छ (तालिका १६) । समग्रतामा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात अनुपात तोकिएको दर भित्रै रहेको छ ।

**तालिका १६ः तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्था)**

(रू.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ असोज (२) | २०७६ असार (३) | २०७६ असोज (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| नगद | १२.२४ | ७.३९ | १८.६९ | २६.४१ | -३९.६२ | ४१.३२ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ३१.९६ | ३०.९२ | ४६.०३ | ४८.७३ | -३.२५ | ५.८६ |
| बैंक तथा बित्तीय संस्था मौज्दात | ११,७५.१४ | १२,८६.६० | १३,०८.९२ | १९,८४.७६ | ९.४८ | ५१.६३ |
| सरकारी सुरक्षणपत्रमा लगानी | - | - | - | - | - | - |
| **कुल तरल सम्पत्ति** | **१२,१९.३४** | **१३,२४.९१** | **१३,७३.६४** | **२०,५९.९०** | ८.६६ | ४९.९६ |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | २०,७४.०२ | २९,०४.८९ | ५३,२१.९२ | ५९,१९.५६ | ४०.०६ | ११.२३ |
| कुल सापटी (अघिल्लो त्रयमास) | ६७,६१.०५ | ७६,६१.१८ | १,०६,६५.४५ | १,१४,३०.६२ | १३.३१ | ७.१७ |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | **५८.७९** | **४५.६१** | **२५.८१** | **३४.८०** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत) | **१८.०३** | **१२.५४** | **८.५९** | **११.८७** | | |
| अनिवार्य मौज्दात अनुपात | | | **०.६७** | **०.६६** | | |